# विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्ब)**
**गण्डकी प्रदेश, नेपाल**

## प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सूचना

प्रकाशित मितिः २०७९/६/१२

विनयी त्रिवेणी गाउँपालिकाद्वारा वडा नं. २, दुम्किबासमा गाउँ कार्यपालिकाको कार्यालयको भवन, वहुउदेश्यीय सम्मेलन हल तथा अन्य आवश्यक संरचना निर्माणका लागि गण्डकी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताब कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | विनयी त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्ब), गण्डकी प्रदेश, नेपाल |
| **प्रस्तावको व्यहोरा** | विनयी त्रिवेणी गाउँपालिकाले वडा नं. २, दुम्किबासमा घ्युखोला सामुदायिक वन को स्वामित्वमा रहेको ४ विगाहा ७ कठ्ठा ८.५ धुर (२.९६ हेक्टर) जग्गामा गाउँ कार्यपालिकाको कार्यालयको भवन, वहुउदेश्यीय सम्मेलन हल तथा अन्य आवश्यक संरचना निर्माणको प्रस्ताव गरेको छ। यस गाउँपालिकाको हाल को प्रशासकिय भवन सानो तथा साँगुरो भएकाले दैनिक कार्य संचालन गर्न कठिनाई भईरहेको छ । त्यसैले सहज र छिटो सेवा उपलब्ध गराउनकालागि गाउँपालिका को नयाँ भवन बनाउन सके सुविधा सम्पन्न भवनबाट सेवा दिन सकिने देखिन्छ । विनयी त्रिवेणी गाउँपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को अनुसूची १ को वन क्षेत्रको वातावरणीय अध्ययन को सीमा अनुसार १ देखि ५ हेक्टर सम्म वन क्षेत्रको जग्गा प्रयोग गर्न आगे, प्रस्ताव गरिएको आयोजना को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराउन अनिवार्य रहेको छ । निर्माण गर्दा वातावरणमा पर्न सक्ने अनुकुल प्रभावलाई वढोत्तिकरण गर्ने तथा प्रतिकूल प्रभावहरुलाई निरोधात्मक, उपचारात्मक प्रभाव न्यूनिकरण विधिहरु अपनाएर हटाउन वा न्युन गर्न र उक्त कार्यको वातावरणीय अनुगमन गर्न र प्रस्तावको कार्यान्वयन चरणलाई व्यवस्थित गर्न व्यवस्थापन योजना तयार गर्न प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गरिएको हो । |
| **प्रभाव पर्न सक्ने गाँउपालिकाका क्षेत्रहरु** | विनयी त्रिवेणी गाउँपालिका वडा नं.-२, नवलपरासी, गण्डकी प्रदेश, नेपाल |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको वडा कार्यालयहरु तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति तथा संघसस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **नामः** विनयी त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्ब), गण्डकी प्रदेश, नेपाल<br>**फोन नं. :** ०७८-४१६१८२, ९८५७०४६८२१ (सूचना अधिकारी)<br>**इमेल :** ito.binayitrivenimun@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | **नामः** ईम्पेरिकल इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि.<br>**ठेगाना :** अनामनगर-२९, काठमाडौं, बागमती प्रदेश<br>**फोन नं.:** ९८४१३४०३९८, **इमेलः** empirical.con@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**